**आदरणीय सभा अध्यक्षज्यू,**
**गाउँ सभा सदस्यज्यूहरु**

अर्जुनचौपारी गाउँपालिकाको ११ औं गाउँसभाको अध्यक्षता गरिरहनु भएका अध्यक्ष तथा अर्जुनचौपारी गाउँपालिकाका श्रद्धेय अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, ६ वटै वडाका वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, गाउँपालिकामा रहनु भएका सम्पूर्ण शाखा प्रमुख, वडा सचिव लगायत राष्ट्रसेवक कर्मचारीज्यूहरु, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, उपस्थित पत्रकार लगायत यस एघारौं गाउँसभामा उपस्थित सम्पूर्ण महानुभावहरुमा सिंगो अर्जुनचौपारी गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत व्यक्त गर्न चाहन्छु ।

अर्जुनचौपारी गाउँपालिकाको आ.व. २०७९÷०८० को बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु ।

देशको ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा इतिहासका विभिन्न कालखण्डहरुमा जनाधिकार, लोकतान्त्रिक मूल्य मान्यताको स्थापनाको लागि शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । जनआन्दोलनका क्रममा घाईते र बेपत्ता शहिदहरुप्रति सम्मान प्रकट गर्दै नेपालको समग्र आर्थिक, सामाजिक, राजनीतिक अग्रज शिखर व्यक्तित्वहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

यस गाउँपालिकाबाट संचालित सम्पूर्ण विकासका कार्यक्रमहरु गाउँकार्यपालिका, विषयगत शाखा, वडासँग समन्वय एवं सहकार्यमा भईरहेको कुरा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुलाई अवगत नै छ । यस गाउँपालिकाको लागि संघीय सरकार र प्रदेश सरकारबाट विनियोजन भएको बजेटमा आन्तरिक राजश्व संकलनबाट प्राप्त रकमलाई जोडी आएको कूल बजेटको सीमाभित्र रही संघीय सरकार र प्रदेश सरकारको मार्गदर्शन र गाउँपालिकाको भूगोल, जनसंख्याको आधारमा चालु आ.व.मा संचालन भएका र आगामी आ.व.को लागि प्रस्ताव गरिएका कार्यक्रमहरु सहभागितात्मक योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्दै स्वीकृतिका लागि गाउँसभामा पेश गरिने प्रजातान्त्रिक विधि र संस्कारलाई आत्मसात गर्दै म चालु आ.व.को यथार्थ आय व्यय र आगामी आ.व.को प्रस्तावित कार्यक्रमहरु यस गरिमामय गाउँसभामा पेश गर्न अनुमति चाहन्छु ।

**अध्यक्ष महोदय,**

सीमित वित्तीय श्रोतबाट असीमित जनआकांक्षालाई सम्बोधन गर्न कठिन हुने अवस्थालाई मध्यनजर गर्दै उपलव्ध श्रोत र साधनलाई जनअपेक्षा अनुरुप व्यवस्था गर्ने यथेष्ट प्रयास गरेको छु ।

गाउँपालिकाले लिएको आर्थिक समृद्धिको अभियानलाई साकार पार्न नेपाल सरकार र प्रदेश सरकारका मार्गदर्शन र निर्देशनहरुलाई ध्यानमा राखी गाउँकार्यपालिकाका सम्पूर्ण सदस्यहरु लगायत विकास तथा नीति निर्माणमा सम्वद्ध सवै सरोकारवालाहरुको व्यापक सहभागितामा "विकासमा प्रतिवद्ध, आर्थिक रुपमा समृद्ध" भन्ने मूल नारा सहितको गाउँपालिकाको समग्र आर्थिक विकासका लागि दीर्घकालीन सोंच, लक्ष्य, रणनीतिहरु अवलम्वन गरी प्राथमिकीकरणका आधारमा तय गरिएको आयोजना तथा कार्यक्रमहरुलाई यसै गरिमामय सभाबाट सहर्ष पारित गरी पारित भएकै मितिबाट कार्यान्वयन हुने कुरामा म विश्वस्त छु ।

गाउँपालिकाबाट कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन जस्ता मानव विकास सूचाकांक, पूर्वाधारको आवश्यकता हेरी सम्वन्धित क्षेत्रमा बजेट विनियोजन गरेको छु ।

आगामी आर्थिक बर्ष २०७९।०८० को बार्षिक अनुमानित आय व्यय बजेट यँहाहरु माझ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सभाका आदरणीय अध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारी मित्रहरु ,**

अव म यस गरिमामय सभामा आगामी आ.व.को बजेट प्रस्तुत गर्न सभा अध्यक्षज्यूको अनुमति चाहन्छु ।

१. बजेट तर्जुमा गर्दा मैले मूलतः

- नेपालको संविधान ,२०७२
- स्थानीय सरकार संचालन ऐन ,२०७४
- पन्ध्रौं योजना, २०७६/०७७-२०८०/०८१
- स्थानीय निर्वाचन घोषणापत्र,
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- अर्जुनचौपारी गाउँपालिको सार्वजनिक खरिद नियमावली, २०७६
- नेपाल सरकारको आ.व.२०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- प्रदेश सरकारको आ.व.२०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य
- राष्ट्रिय प्रकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- अर्जुनचौपारी गाउँपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम
- संघीय र गण्डकी प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
- दीगो विकासका लक्ष्यहरु
- स्थानीय श्रोत साधन, स्थानीय ऐन, नियम, कानून तथा कार्यविधिहरु
- विकासका अन्तरसम्वन्धित विषयहरु
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्वन गरेका अन्य आर्थिक नीतिहरुलाई विशेष ध्यान दिएकोछु ।

२. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व वाँडफाँटलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै, यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु । अनुत्पादक तथा अनावश्यक खर्च घटाउने,

पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँट र विनियोजनमा देखिने दोहोरोपनालाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

आगामी आ.व.को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यहरु बस्तीस्तरबाट शुरु गरी वडा कार्यालय, विषयगत समिति, राजश्व परामर्श समिति, योजना तथा कार्यक्रम तर्जुमा समितिमा छलफल गरी गाउँकार्यपालिकामा छलफलको प्रवन्ध मिलाई गाउँकार्यपालिकाको सिफारिसले आजको यस गाउँसभामा पेश गरेको व्यहोरा समेत सवै गाउँसभाका सदस्यहरुलाई जानकारी गराउन चाहन्छु ।

अव म चालु आ.व.को बजेट कार्यान्वयनको विषयमा जानकारी गराउन चाहन्छु ।अर्जुनचौपारी गाउँपालिकाले चालु गत आ.व.मा ठेक्का प्रकृया सम्पन्न भई निर्माणाधीन अवस्थामा रहेको प्रशासकीय भवन सम्पन्न हुने चरणमा रहेको छ । यो भवन सम्पन्नता पश्चात सेवा प्रवाह थप चुस्त तथा सरलीकृत हुने देखिन्छ । सवै वडा कार्यालयहरुले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् । अर्जुनचौपारी-नुवारभञ्याङ सडकको ठेक्का निर्माण सम्पन्न भईसकेको छ । औद्योगिकग्राम निर्माण कार्य अन्तिम चरणमा रहेको छ । आर्थिक प्रशासनलाई पारदर्शी तथा प्रविधिमा आधारित बनाउन विद्युतीय कोष हस्तान्तरण (EFT) प्रणाली मार्फत सेवा प्रवाहको शुरुवात गरिएको छ ।

**अध्यक्ष महोदय,**

३. आगामी आर्थिक वर्षको बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

- ग्रामीण सडक, प्रशासकीय भवन तथा शहरी विकास मार्फत पूर्वाधार विकास,
- कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास ,
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत सामाजिक विकास,
- रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरण
- वन, वातावरण तथा विपद् व्यवस्थापन
- सुशासन तथा संस्थागत विकास

अव म चालु आर्थिक वर्ष २०७८/७९ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

४. चालु आर्थिक वर्षमा रु ५० लाख राजस्व संकलन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको हाल सम्म ३८ लाख ६४ हजार राजस्व संकलन भैसकेको छ । त्यसैगरी चालु आर्थिक वर्षमा

नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदानबापत हालसम्म प्राप्त रु ८ करोड ५७ लाख मध्ये रु ३ करोड ८६ लाख खर्च भएको छ भने संघीय राजस्व बाँडफाँडबाट रु ५ करोड ५९ लाख ९० हजार प्राप्त हुनुपर्नेमा चालु आ.व.मा हाल सम्ममा रु ४ करोड ८ लाख ८७ हजार मात्र प्राप्त भएको छ ।

५. चालु आर्थिक वर्षको सशर्त अनुदान तर्फ रु १८ करोड ५५ लाख ९६ हजार प्राप्त भएकोमा हालसम्म रु १३ करोड ५ लाख खर्च भएको छ । संघीय समपुरक अनुदान तर्फको रु ८३ लाख मध्य हाल सम्म रु ४१ लाख ५० हजार प्राप्त भई सो बराबरको रकम खर्च भएको छ ।त्यसै गरी प्रदेश वित्तय समानिकरण तर्फ रु ९३ लाख ५ हजार प्राप्त भएकोमा २० लाख ४९ हजार खर्च भएको छ ।प्रदेश सवारी कर बाँडफाँड बापतको रकम रु २० लाख ८२ हजार प्राप्त भएको छ । प्रदेश समपुरक तर्फ रु १ करोड मध्ये रु ७५ लाख प्राप्त भएको छ । प्रदेश सशर्त अनुदान तर्फ रु ५० लाख मध्ये हाल सम्म रु २५ लाख प्राप्त भएको छ ।

६. त्यसैगरी सामाजिक सुरक्षा भत्ता बापत रु ९ करोड २६ लाख ५७ हजार प्राप्त भइ अन्तिम किस्ता वितरण प्रकृया मा रहेको छ ।गरिबसँग विश्वेश्वर कार्यक्रमका लागि ९ लाख २८ हजार प्राप्त भएको छ। औद्योगिकग्राम निर्माणका लागि संघीय सरकारबाट रु ८० लाख र प्रदेश सरकारबाट रु १५ लाख प्राप्त भई निर्माणको चरणमा रहेको छ ।

**अध्यक्ष महोदय,**

अब म आगामी वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

७. गाँउपालिकाको सदरमुकाम देखि वडा कार्यालय जोड्ने सडकहरुलाई बाह्रै महिना यातायात सहज ढङ्गले सुचारु गर्ने उदेश्यले त्यस्ता ग्रामीण सडकहरुको स्तरोन्नतीका लागि बजेट विनियोजन गरेको छु । अर्जुनचौपारी-रापाकोट-आरुचौर सडक खण्डका लागि सघं सरकारबाट समपुरक अनुदान बापत रु ७० लाख प्राप्त भएको छ। गाउँपालिकाले साझेदारी गरी उक्त सडक खण्डमा ३ करोड बराबरको निर्माण कार्य गरिनेछ ।त्यसै गरी अर्जुनचौपारी-सिमलचौर-मुसुरबारी-दरौं सडक निर्माणको लागि प्रदेश समपुरक अनुदान बापत रु ५० लाख बजेट प्राप्त भएको छ । गाउँपालिकाले साझेदारी गरी उक्त सडक खण्डमा १ करोड बराबरको निर्माण कार्य गर्नेछ। अर्जुनचौपारी देखि वडा नं. २- लामडाँडाँ सडक निर्माणको लागि प्रदेश सशर्त अनुदान बापत रु ५० लाख बजेट प्राप्त भएको छ । गाउँपालिकाले साझेदारी गरी उक्त सडक खण्डमा १ करोड ५० लाख बराबरको निर्माण कार्य गर्नेछ । अर्जुनचौपारी बजारबाटो स्तरोन्नतीको लागि रु ५० लाख, आरुचौर सडक खण्ड लाइ रु.२५ लाख, अर्जुनचौपारी-राम्चे-आरुचौर सडकका लागि रु २० लाख, थाउनुङ्गखेत-मडकिना-भालुखर्क-सल्यान सडक खण्डका लागि रु १० लाख, ठाडाखेत-दह्रेगौडा सडकका लागि रु १० लाख, तेर्सापट्टि-छहरे लामडाँडाँ

सडक निर्माणको लागि रु ५ लाख, मजुवा नाली निर्माणका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु।

८. गाँउपालिकाको निर्माणाधीन प्रशासकीय भवन निर्माणको लागि यस आ.व.को रु ५५ लाख १४ हजार बजेट विनियोजन गरेको छु।

९. हाम्रा सबै सडकहरु कच्ची अवस्थामा रहेका र स्तरोन्नति गरिएता पनि बर्षाका कारण हरेक बर्ष मर्मतका लागि ठूलो परिमाणमा बजेट खर्च भएकोले यस आगामी आ.व.मा पालिकाले आफ्नै डोजर र टयाक्टर खरिद गरी खर्चमा मितव्ययीता ल्याउने प्रयोजनार्थ डोजर र टयाक्टर खरिदको लागि रु ७५ लाख बजेट व्यवस्था गरेको छु।

१०. नागरिकको खाद्यअधिकार सुरक्षित गर्दै गरिवीको अन्त्य गर्न, ठुलो संख्यामा रहेका कृषक परिवारको आयस्तर वृद्धि गर्न, कोभिड १९ बाट प्रभावित भई रोजगारी गुमेका व्यक्तिहरुलाई स्थानीय स्तरमा रोजगारी सृजना गर्न तथा सवल अर्थतन्त्रको निर्माण गर्न कृषिको आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण गर्न वजेटको व्यवस्था गरेको छु।

११. हाईटेक नर्सरी र ग्रिन हाउस स्थापनाका लागि रु.१३ लाख, कृषि उत्पादन बजारीकरण र न्यूनतम समर्थन मूल्यका लागि रु ५ लाख विनियोजन गरेको छु।

१२. फलफूल बाली संभाव्यता अध्ययनका लागि रु ३ लाख, प्रमुख खाद्यान्न तथा तरकारीबालीहरुको मौसमी/बेमौसमी तालिमका लागि रु २ लाख बजेट व्यवस्था गरेको छु।

१३. उत्कृष्ट कृषक सम्मान कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु।

१४. आधारभुत खानेपानी नपुगेको गाउँवस्तीमा खानेपानी पुर्याउन वडागत रुपमा योजना विनियोजन गरेको छु ।मर्मत सम्भार कार्यक्रमलाई निरन्तरता दिएको छु।

१५. व्यवस्थित तथा सुरक्षित शहर निर्माणको लागि गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रमा सि.सि टि.भी क्यामेरा जडानको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१६. गाउँपालिका भित्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक सम्पदाहरुको पहिचान, संरक्षण गर्न बिभिन्न धार्मिक तथा पर्यटकीय स्थल-डहरे देउराली, थाप्ले, नवग्रह मन्दिर लगायतका सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धन मार्फत पर्यटन प्रवर्द्धका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१७. **"हाम्रो गाउँ घुम्न जाउँ"** भन्ने नाराका साथ आन्तरिक पर्यटन प्रवर्द्धनलाई उच्च प्राथमिकता दिई लामडाँडा होमस्टेको स्तरोन्तिका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१८. पञ्चकन्या पर्यटन पूर्वाधार निर्माणका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु।

१९. भरण पोखरी निर्माण चौतारी लगायतका अन्य सार्वजनिक निर्माण तथा तालपोखरी र कूवा संरक्षणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

२०. गाउँपालिका भित्रका अति विपन्न परिवारहरुका लागि पालिकाले आर्थिक दायित्व वहन गर्ने गरी स्वास्थ्य विमा कार्यक्रमका लागि रु १० लाख बजेट व्यवस्था मिलाएको छु।

२१. विपन्न व्यक्ति/परिवारहरुको आर्थिक स्तर वृद्धि गर्न बिउ पूँजीको रुपमा रु ६० लाख बिनियोजनको व्यवस्था मिलाएको छु ।

२२. दलित उत्थान केन्द्रका लागि रु १० लाख, रोजगार सेवा केन्द्रका लागि रु १० लाख साथै लगानी परामर्श केन्द्रका लागि रु १० लाख बजेट व्यवस्था मिलाएको छु।

२३. महिला सचेतना तथा लैङ्गिक हिंसा निवारण कार्यक्रमको लागि रु १० लाख विनियोजन गरेको छु।

२४. प्राकृतिक तथा गैरप्राकृतिकजन्य घटनाको जोखिमलाई न्यूनीकरण गर्न विपद व्यवस्थापन कोषमा रु २५ लाख बजेट विनियोजन गरेको छु।

२५. आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु। शिक्षालाई प्राविधिक र व्यावसायिक बनाउँदै सक्षम, नैतिक एवं राष्ट्रियहित प्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक वजेट मिलाएको छु। वाल विकास सहजकर्ताहरुको पारिश्रमिकका लागि रु ६३ लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

२६. गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक प्राकृतिक, भौगोलिक, वातावरणीय ज्ञान र शिक्षाको विकासका लागि स्थानीय पाठ्यपुस्तक निर्माणका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।

२७. विभिन्न प्रकारका शैक्षिक तालिमका लागि रकम रु ३ लाख विनियोजन गरेको छु।

२८. विद्यार्थीसँग पालिका कार्यक्रमका लागि रू ६ लाख विनियोजन गरेको छू।

२९. पालिकाको गौरवको योजनाको रुपमा घोषणा गरेको रणनीतिक महत्व बोकेको अर्जुनचौपारी चक्रपथको लागि रु. ५० लाख विनियोजन गरेको छु।

३०. विकासको साध्य र साधन दुवै नागरिक नै भएकाले सवै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सवल मानव पूँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई वजेट विनियोजन गरेको छु । **“अशक्तलाईघरमा-अन्यलाई टोलमाÆ** स्वास्थ्य सेवा साथै आवश्यक औषाधीहरु वितरण गरी सामुदायिक स्वास्थ्य सेवा घरघरमा पुर्याउनको लागि रु १० लाख बजेट विनियोजन गरेको छु।

३१. महिला स्वास्थ्य स्वयंमसेविकाहरुले गाउँपालिकाको आधारभूत स्वास्थ्य, सरसफाइ तथा पोषणसम्वन्धी क्षेत्रमा गरेको उल्लेखीय कार्यको उच्च मूल्यांकन गर्दै उहाँहरुले प्राप्त गर्दै आएको प्रोत्साहन भत्ता लाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु।

३२. निर्माणाधीन औद्योगिकग्राममा जग्गा अधिग्रहणका लागि रू. २५ लाख विनियोजन गरेको छु।

३३. न्यायिक अभ्यासलाई संस्थागत गरी न्यायसम्पादन प्रकृयालाई मेलमिलाप र मध्यस्थताको माध्यमबाट न्याय निरोपण गर्ने पद्धतिको निर्माण गर्न न्यायिक समितिलाई रु १० लाख वजेट विनियोजन गरेको छु।

३४. स्वस्थ र सभ्य संस्कृतिको विकास गरी समाजिक सु-सम्वन्धमा आधारित समाजको निर्माण गर्न धर्म,संस्कृति,संस्कार,प्रथा,परम्परा,प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सवै प्रकारका विभेद,शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गरिनेछ ।

३५. गाउँपालिका भित्र रहेका प्राचीनकला,साहित्य र संस्कृति विशिष्ट पहिचान झल्काउने स्थान र वस्तुहरुको तस्विरहरु निर्माण गरी सजावटका लागि पनि आवश्यक व्यवस्था मिलाएको छु।

३६. शासकीय स्वच्छता र सुशासन प्रवर्दनलाई प्राथमिकतामा राखी सवै क्षेत्रमा सदाचार पद्धति अवलम्वन गरिनेछ ।

३७. सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा आमूल परिवर्तन गरी संघीय शासन प्रणाली अनुरुपको सोच र कार्य शैलीको विकास गरिनेछ । सार्वजनिक पदाधिकारीहरुको जवाफदेहिता सुनिश्चित गरिनेछ ।

३८. आमा समुह/वालक्लव/ज्येष्ठ नागरिकक्लव/युवा क्लबको सहभागिता मार्फत विकासका कार्यहरुलाई अगाडी बढाउनका लागि रु ८० लाख बजेट विनियोजन गरेको छु।

३९. कर्मचारी तथा शिक्षकहरुको गाउँपालिका भित्र सरुवा, पुरस्कार, सजाय, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनमा आधारित बनाइनेछ ।कर्मचारीको लागि संघिय सरकारले व्यवस्था गरे बमोजिम १५ प्रतिशत तलब बृद्दि र १० दिन बराबारको परिश्रमिक सहितको पर्यटन काजको व्यवस्था मिलाएको छु ।

४०. गाउँपालिका भन्दा बाहिर रहेका अर्जुनचौपारीबासीलाई सहज र सलर ढंगबाट सेवा प्रवाह गर्नका लागि वडा नं. १ बाट प्रदान गरिने सेवाहरुलाई डिजिटलाईजेशन गर्ने प्रयोजनार्थ रु १० लाख बजेट व्यवस्था गरेको छु।

सभाका अध्यक्ष महोदय, गाउँसभाका सदस्यज्यूहरु,

अव म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

४१. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ४४ करोड १८ लाख १९ हजार खर्च हुने अनुमान गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ रु ७ करोड ३९

लाख ३० हजार र पुँजीगततर्फ रु १४ करोड ३३ लाख ८९ हजार रहेको छ भने सशर्त अनुदान तर्फ चालु र पुँजीगत गरी रु १८ करोड ४५ लाख रहेको छ।

४२. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ९ करोड ४ लाख, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व बाँडफाँड रु ६ करोड ७८ लाख २५ हजार, सशर्त अनुदान रु १८ करोड ४५ लाख, संघीय विशेष अनुदान तर्फ रु २ करोड ३० लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ९८ लाख ३९ हजार, प्रदेश समपुरक अनुदान रु ५० लाख, प्रदेश सशर्त अनुदान रु ५० लाख, प्रदेश राजश्व बाँडफाँड रु ३७ लाख ५५ हजार, संघ समपुरक अनुदान रु ७० लाख, आन्तरिक राजश्वबाट प्राप्त हुने रु ५५ लाख र अल्या रु. ४ करोड रहने अनुमान गरेको छु।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यहरु,**

४३. यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताद्वारा शासनको चरितार्थ गरी जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा हामी पूर्ण प्रतिवद्ध छौ ।

४४. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, गाउँसभाका सदस्यहरु, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र र विषयगत क्षेत्रका विज्ञहरु तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाह प्रति हार्दिक आभार प्रकट गर्दछु ।

४५. यो बजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु । बिगतको भोगाई, गल्ती र सिकाई, बर्तमानको जटिलताको बीच भविष्यका गोरेटोहरु खोज्दै सम्पूर्ण जनप्रतिनिधीहरु, राष्ट्रसेवक कर्मचारीहरु अगाडी बढिरहनुहुनेछ भन्ने आसा र भरोसा लिएको छु ।

| आ. व. ७९/८० को लागि अर्जुनचौपारी गाउपालिका बाट विनियोजित योजना तथा कार्यक्रमहरु रकम रु हजारमा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **सिन** | **विवरण** | **विनियोजित रकम** | **वडा नं.** | **श्रोत** | | | | **कैफियत** |
| | | | | संघीय राजश्व वाडफाँड | संघीय समानिकरण | प्रदेश समानीकरण | आन्तरीक श्रोत | |
| 1 | समपूरक कोष | 49000 | | | 40055 | 8945 | | |
| 2 | आमा समूह/बालक्लब/ज्येष्ठ नागरिक क्लब/युवा क्लब | 8000 | | | 8000 | | | |
| 3 | प्रशासकीय भवन | ५५१४ | | | ५२०० | | 314 | |
| 4 | डोजर तथा ट्याक्टर खरिद | 7500 | | | | | 7500 | |
| 5 | बालविकास सहजकर्ताहरुको पारिश्रमिक | 6300 | | | | | 6300 | |
| 6 | विपन्न व्यक्ति/परिवारका लागि बिउ पूँजी | 6000 | | | | | 6000 | |
| 7 | अर्जुनचौपारी चक्रपथ | ५००० | | | | | 5000 | |
| 8 | बजार बाटो स्तरोन्नती | 5000 | | | 5000 | | | |
| 9 | विपद व्यवस्थापन | 2500 | | | | | 2500 | |
| 10 | जग्गा अधिग्रहण | 2500 | | | 2500 | | | |
| 11 | आरुचौर सडक | २५०० | | | 2500 | | | |
| 12 | पन्चकन्या पर्यटन पूर्वाधार | १५०० | 1 | | 1500 | | | |
| 13 | अर्जुनचौपारी-राम्चे-आरुचौर सडक | 2000 | | | 2000 | | | |
| 14 | दरौ सडक 2078/७9 को दायित्व | 1500 | | | 1500 | | | |
| 15 | स्थानीय पाठ्यपुस्तक निर्माण/वित्तिय साक्षरता | 1500 | | | | | 1500 | |
| 16 | महिला सचेतना/लैंगिक हिंसा लगायतका कार्यक्रम | 1000 | | | 1000 | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 17 | सेवा प्रवाहमा डिजिटाइजेशन | 1000 | | | | | 1000 | |
| 18 | ठाडाखेत दाह्रेगौडा सडक | 1000 | | | 1000 | | | |
| 19 | विपन्न परिवार स्वास्थ्य बिमा | 1000 | | | 1000 | | | |
| 20 | कम्युनिटी नर्सिङ | 1000 | | | 1000 | | | |
| 21 | थाउनुङखेत मडकिना भालुखर्क सल्यान सडक | 1000 | ३। ४ | | 1000 | | | |
| 22 | इन्जिनियरिङ तथा कन्सल्टेन्सी सेवा | १००० | | 1000 | | | | |
| 23 | दलित उत्थान केन्द्र | 1000 | | | 1000 | | | |
| 24 | रोजगार समन्वय इकाइ | 1000 | | | 1000 | | | |
| 25 | लगानी परामर्श केन्द्र | 1000 | | | 1000 | | | |
| 26 | न्यायिक समिति | 1000 | | 1000 | | | | |
| 27 | हाइटेक नर्सरी | 1000 | | | 1000 | | | |
| 28 | सार्वजनिक निर्माण सुधार | 500 | | | 500 | | | |
| 29 | सामाजिक उत्तरदायित्व कोष | 500 | | | 500 | | | |
| 30 | विध्यार्थीसँग पालिका। छात्रवृत्ति | 500 | | | 500 | | | |
| 31 | कृषि उत्पादन बजारीकरण न्यूनतम समर्थन मूल्य | 500 | | | 500 | | | |
| 32 | भरण पोखरी निर्माण,चौतारी लगायत अन्य सार्वजनिक निर्माण | 500 | | | 500 | | | |
| 33 | पर्यटन विकास | 500 | | | 500 | | | |
| 34 | तथ्याङ्क संकलन | 500 | | | 500 | | | |
| 35 | मजुवा नाली | 500 | 2 | | 500 | | | |
| 36 | तेर्सापट्टी छहरे लामडाँडा सडक | 500 | 2 | 500 | | | | |
| 37 | डहरे पदमार्ग र थाप्ले पर्यटन पूर्वाधार | 500 | | | 500 | | | |
| 38 | गाउँपालिकास्तरीय खेलकुद विकास समिति | 500 | | | 500 | | | |
| 39 | अन्य संस्था सहायता | ५०० | | | 500 | | | |
| 40 | अन्य सार्वजनिक निर्माण | 500 | | | 500 | | | |
| 41 | एकानन्द गुफा व्यवस्थापन | ५०० | | | 500 | | | |
| 42 | कृषि समिति | ५०० | | | | | 500 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 43 | शिक्षा तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम | 400 | | 400 | | | | |
| 44 | हाइटेक ग्रिन हाउस | 300 | 5 | | 300 | | | |
| 45 | सवारी साधन खरिद | 350 | | | | | 350 | |
| 46 | महिला उद्यमशिलता कार्यक्रम | 350 | | | 350 | | | |
| 47 | व्यवसायिक कृषि प्रवर्द्धन | 300 | | | 300 | | | |
| 48 | क्यालिसिम चक्की/चुकाको औषधी खरिद | ३०० | | | 300 | | | |
| 49 | स्वास्थ्य संस्थाहरुका लागि आवश्यक सामाग्री खरिद/गर्भवति किट खरिद (200/100), | ३०० | | | 300 | | | |
| 50 | पोषण कार्यक्रम | ३०० | | | 300 | | | |
| 51 | खोले-निवुवाबोट-सिर्खु सडक | ३०० | | | | | 300 | |
| 52 | रिमालफेदी गहते मोटरबाटो निर्माण | 250 | | | 250 | | | |
| 53 | फिदिम सल्यान गहते मोटरबाटो | 250 | 3 | 250 | | | | |
| 54 | मरेशा देखि फेदी सम्म गो.बा | 250 | | | 250 | | | |
| 55 | भोर्ले देखि दलित बस्ती ढलान गो.बा. | 250 | | | 250 | | | |
| 56 | विद्यालयका लागि अतिरिक्त सामाग्री र शैक्षिक क्यालेण्डर निर्माण १५० र ७५ | 225 | | | 225 | | | |
| 57 | भगाँरी गाडखर्क गोरेटोबाटो | 200 | 3 | | 200 | | | |
| 58 | खनालथर बाटाघर मोटरबाटो | 200 | 6 | | 200 | | | |
| 59 | गैराबारीबाट दलितगाँउ हुदै अधिकारीको घरमुनिसम्म जोड्ने मो बा | 200 | 6 | | 200 | | | |
| 60 | सल्यान गहते खानेपानी मर्मत | 200 | 3 | | 200 | | | |
| 61 | शैक्षिक अवलोकन भ्रमण र शिक्षा समिति तथा प्र.अ. बैठक व्यवस्थापन १५० र ५० | 200 | | | 200 | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 62 | कक्षा ३ र ५ को परिक्षा सञ्चालन र पाठ्यपुस्तक अंग्रेजी माध्यम (१-३) (१०० र १२०) | 220 | | | 220 | | | |
| 63 | लाङ्ग खोरिया देखि भेडाबारी सम्म गो.वा. | 200 | | | 200 | | | |
| 64 | पशु औषधी खरिद | 200 | | | 200 | | | |
| 65 | मौसमी/बेमौसमी खाद्यान्न तथा तरकारी बालीको तालिम | 200 | | | 200 | | | |
| 66 | आर्थिक रुपमा विपन्न तथा हिंसा पिडित महिला | 200 | | | 200 | | | |
| ६७ | कामी गाउँ देखि कालिका मन्दिर गो.बा. | २०० | | | २०० | | | |
| ६८ | सार्कीढुंगा देखि बनपाखे गो.बा. | ३०० | | | ३०० | | | |
| ६९ | लाकुरी देखि आदर्श प्रा.वि.गो.बा. | ३०० | | | ३०० | | | |
| 70 | दरौंखोला तट्वन्ध निर्माण | १००० | | | १००० | | | |
| 71 | छाप सिरुवारे मोटरबाटो | ५०० | | | ५०० | | | |
| जम्मा | | १३३७५९ | | ३१५० | ९०४०० | ८९४५ | ३१२६४ | |

रकम रु ००० मा

**वडा नं. १ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू**

| क्र.स | योजना तथा कार्यक्रम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वडा सडक मर्मत सुधार | वडा नं. १ | ८० | |
| २ | विपद् व्यवस्थापन कोष | वडा नं. १ | १०० | |
| ३ | खानेपानी तथा सिंचाई पाईप खरिद | वडा नं. १ | ५० | |
| ४ | अतिथी सत्कार तथा सम्मान | वडा नं. १ | ५० | |
| ५ | ल्यापटप खरिद | वडा नं. १ | १०० | |
| ६ | व्याट्रि तथा इन्भर्टर खरिद | वडा नं. १ | ३० | |
| ७ | फाउँस्वारा खानेपानी योजना | वडा नं. १ | १०० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | थापाथोक खानेपानी | वडा नं. १ | १०० | |
| ९ | कौडीखोला खानेपानी मर्मत | वडा नं. १ | ५० | |
| १० | आरुपाटा खानेपानी व्यवस्थापन | वडा नं. १ | ७० | |
| ११ | झाँक्रीथान मन्दिर तारबार निर्माण | वडा नं. १ | १५० | |
| १२ | माझपाटा जोखिम घर बस्ति संरक्षण | वडा नं. १ | ७० | |
| १३ | बहाकाने बाङ्गेटारी खानेपानी मर्मत | वडा नं. १ | ७० | |
| १४ | धारापानी नयाँबस्ति खानेपानी योजना | वडा नं. १ | १०० | |
| १५ | टारीको बारीमा खानेपानी टयाङ्की निर्माण | वडा नं. १ | ५० | |
| १६ | दलित बस्ती खानेपानी व्यवस्थापन रैते | वडा नं. १ | ५० | |
| १७ | सिमलचौर सामुदायिक भवन सार्वजनिक शौचालय निर्माण | वडा नं. १ | १०० | |
| १८ | दारेगौडा गुसेश्वर गोरेटोबाटो मर्मत | वडा नं. १ | ५० | प्रधानन्त्री |
| १९ | मेनरोड देखि मुखिया टोल सम्मको गोरेटोबाटो मर्मत | वडा नं. १ | ५० | प्रधानन्त्री |
| २० | श्री कृष्ण प्रा.वि.देखि पौडेल टोल सम्म गोरेटोबाटो मर्मत | वडा नं. १ | ५० | प्रधानन्त्री |
| २१ | बनपाले गोरेटोबाटो मर्मत | वडा नं. १ | ५० | प्रधानन्त्री |
| २२ | आयखोला गोरेटोबाटो मर्मत | वडा नं. १ | ३० | प्रधानन्त्री |
| २३ | खरायोखोला गोरेटोबाटो मर्मत | वडा नं. १ | ५० | प्रधानन्त्री |
| २४ | जोगीधारा नवदुर्गा गोरेटोबाटो मर्मत | वडा नं. १ | ५० | प्रधानन्त्री |
| २५ | च्यानीखोला देखि धनबहादुर सुनारको घरसम्म गोरेटोबाटो मर्मत | वडा नं. १ | ५० | प्रधानन्त्री |
| २६ | चनौटा चौतारा देखि माधव अर्यालको घर सम्म गोरेटोबाटो मर्मत | वडा नं. १ | ३० | प्रधानन्त्री |
| २७ | थापाथर झाँक्रिथान गोरेटोबाटो मर्मत | वडा नं. १ | ३० | प्रधानन्त्री |
| २८ | पानी टयाङ्की देखि देवकोटाथर हुँदै सिमलचौर जाने गोरेटोबाटो मर्मत | वडा नं. १ | ६० | प्रधानन्त्री |
| | **जम्मा** | | १८०० | |

| वडा नं. २ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू | | | | |
|---|---|---|---|---|
| क.स | योजना तथा कार्यक्रम | वडा नं. | रकम | |
| १ | अमरज्योती मा.वि.खा.पा स्टिल टंकी खरिद तथा शौचालय मर्मत | वडा नं. २ | १५० | |
| २ | चाडपर्व लक्षित मोटरबाटो | वडा नं. २ | २०० | |
| ३ | स्यानाभञ्ज्याङ देखि गजे घर्तीको घर सम्मको गो.बा | वडा नं. २ | १०० | |
| ४ | कृषि/पशु औषधी तथा विरुवा खरिद | वडा नं. २ | १०० | |
| ५ | बाँदर नियन्त्रण कार्यक्रम अन्तर्गत बाँस झाडी तथा रुख कटान | वडा नं. २ | १०० | |
| ६ | थापाथर गो.बा.निर्माण | वडा नं. २ | ५० | |
| ७ | तल्लो खाल्टे देखि रानी प्रा.वि सम्म गो.वा. | वडा नं. २ | १०० | |
| ८ | केवरे देखि भटमासे सम्म गोरेटोबाटो निर्माण | वडा नं. २ | १०० | |
| ९ | टाउँघडेरी सामुदायिक भवन मर्मत | वडा नं. २ | १०० | |
| १० | कमलदेवी मन्दिर मर्मत तथा संभार | वडा नं. २ | ५० | |
| ११ | ल्यापटप खरिद | वडा नं. २ | ८० | |
| १२ | भैपरी तथा विपद् व्यवस्थापन | वडा नं. २ | १०० | |
| १४ | वडा अध्यक्ष सँग विपन्न विधार्थी कार्यक्रम | वडा नं. २ | ७० | |
| १५ | अतिथि सत्कार सहयोग तथा दान | वडा नं. २ | १०० | |
| १८ | प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी | वडा नं. २ | १०० | |
| | जम्मा | | १५०० | |

| वडा नं. ३ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू | | | | |
|---|---|---|---|---|
| क.स | योजना तथा कार्यक्रम | वडा नं. | रकम | रकम |
| १ | खोलापारी निवुवावोट गाडखर्क खानेपानी पाईप खरिद तथा मूल संरक्षण | वडा नं. ३ | २०० | |
| २ | भंगेरी कूवा मर्मत | वडा नं. ३ | १०० | |
| ३ | पधेराको कूवा संरक्षण तथा गोरेटोबाटो | वडा नं. ३ | १०० | |
| ४ | टिउरे सिंचाई पाईप खरिद | वडा नं. ३ | १०० | |
| ५ | खानेपानी तथा सिंचाई पाईप खरिद तथा वितरण | वडा नं. ३ | १०० | |
| ६ | आरन सुधार कार्यक्रम | वडा नं. ३ | ५० | |
| ७ | पञ्चेबाजा संरक्षण | वडा नं. ३ | १०० | |
| ८ | सल्यान समाजघर शौचालय निर्माण | वडा नं. ३ | १०० | |
| ९ | ठूलोपधेरा शौचालय निर्माण | वडा नं. ३ | ५० | |
| १० | छाप देखि बाटुले जाने गोरेटोबाटो | वडा नं. ३ | ५० | |
| ११ | कामक्ष चिम्नेवास गोरेटोबाटो निर्माण | वडा नं. ३ | १०० | |
| १२ | तिनघरे गोरेटोबाटो | वडा नं. ३ | ५० | |
| १३ | वडा कार्यालयमा सोलार जडान | वडा नं. ३ | १०० | |
| १४ | ढाँड कूलो निर्माण तथा मर्मत योजना | वडा नं. ३ | १०० | |
| १५ | दैवि प्रकोप तथा विपद् व्यवस्थापन कोष | वडा नं. ३ | १०० | |
| १६ | खेलकूद तथा शैक्षिक सामाग्री वितरण कार्यक्रम | वडा नं. ३ | १५० | |
| | जम्मा | | **१५५०** | |

| वडा नं. ४ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू | | | | |
|---|---|---|---|---|
| क.स | योजना तथा कार्यक्रम | वडा नं. | रकम | रकम |
| १ | टनेल सहित बिउ बिजन वितरण | वडा नं. ४ | ५० | |
| २ | खानेपानी पाईप सिंचाई तथा फोहरमैला | वडा नं. ४ | २०० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | निवुवाबोट खानेपानी मूल टयाङ्की मर्मत | वडा नं. ४ | ५० | |
| ४ | बावियाँडाँडा टोलमा खानेपानी टयाङ्की निर्माण | वडा नं. ४ | ५० | |
| ५ | रविडाँडाँ देखि घरिण्डाँडाँ जाने गोरेटोबाटो निर्माण | वडा नं. ४ | १०० | |
| ६ | कार्यालय व्यवस्थपन | वडा नं. ४ | २०० | |
| ७ | विपद् व्यवस्थापन | वडा नं. ४ | १०० | |
| ८ | बनपाखे गौरीस्वाँरा मूल संरक्षण | वडा नं. ४ | ५० | |
| ९ | टोला देखि समाजघर ताकमारे गोरेटोबाटो | वडा नं. ४ | १०० | |
| १० | रिमालथर देखि च्यानडाँडाँ जाने गोरेटोबाटो | वडा नं. ४ | १०० | |
| ११ | उखुबारी मूल मर्मत | वडा नं. ४ | १०० | |
| १२ | हल्लने ढुङ्गाबाट थापाको बारी गोरेटोबाटो | वडा नं. ४ | १०० | |
| १३ | ओख्ले देखि छरहे कुरुण्डाँडाँ पोखरी गोरेटोबाटो | वडा नं. ४ | १०० | |
| १४ | रोजगार कार्यक्रम सामाग्री र जनमावि कूलो | वडा नं. ४ | २३५ | |
| | जम्मा | | **१५३५** | |

| वडा नं. ५ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू | | | | |
|---|---|---|---|---|
| क्र.स | योजना तथा कार्यक्रम | वडा नं. | रकम | रकम |
| १ | विपद् व्यवस्थापन | वडा नं. ५ | २०० | |
| २ | वडा कार्यालय व्यवस्थापन | वडा नं. ५ | १५० | |
| ३ | भेटेनरी औषधी खरिद | वडा नं. ५ | १०० | |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | वडा नं. ५ | १०० | |
| ५ | तालपोखरी-झाँक्रीखोला गोरेटोबाटो मर्मत | वडा नं. ५ | २०० | |
| ६ | घोप्टे ओडार-केटीचौर शाखा मोटरबाटो मर्मत | वडा नं. ५ | २०० | |
| ७ | स्वास्थ्यचौकी भण्डीला शाखा मोटरबाटो मर्मत | वडा नं. ५ | १०० | |
| ८ | तालपोखरी गैरागाउँ शाखा मेटरबाटो मर्मत | वडा नं. ५ | १०० | |

| | | | | |
|---|---|---|---|---|
| ९ | घोप्टेओडार बयाले शाखा मेटरबाटो मर्मत | वडा नं. ५ | १०० | |
| १० | बयाले-घण्टे मोटरबाटो मर्मत | वडा नं. ५ | १०० | |
| ११ | डहरे देउराली डकुमेन्ट्रि निर्माण | वडा नं. ५ | १०० | |
| १२ | देविस्थान-खोलाखर्क मोटरबाटो मर्मत | वडा नं. ५ | १०० | |
| १३ | बयाले-झाँक्रीखोला-दोभानखोला मोटरबाटो मर्मत | वडा नं. ५ | १०० | |
| | जम्मा | | १६५० | |

| वडा नं. ६ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू | | | | |
|---|---|---|---|---|
| क्र.स | योजना तथा कार्यक्रम | वडा नं. | रकम | |
| १ | पशुपंक्षी औषधी खरिद | वडा नं. ६ | ५० | |
| २ | शैक्षिक सुधार कार्यक्रम | वडा नं. ६ | १०० | |
| ३ | काउँ देखि ठूला काउले गोरेटोबाटो निर्माण | वडा नं. ६ | ५० | |
| ४ | विरुवा प्रतिक्षालय निर्माण | वडा नं. ६ | १०० | |
| ५ | बाटामुनी देखि गा.फ.ज.आ.वि गोरेटोबाटो | वडा नं. ६ | १०० | |
| ६ | मुसुरबारी गाउँ विचको गोरेटोबाटो | वडा नं. ६ | १०० | |
| ७ | नयाँगाउँ खेलमैदान तारबार | वडा नं. ६ | १०० | |
| ८ | ठूला पँधेराबाट जन विकास आधारभूत विद्यालय जाने गोरेटोबाटो | वडा नं. ६ | १०० | |
| ९ | ढुङ्गाथिम देखि धनुबास गोरेटोबाटो, भेडाबारी | वडा नं. ६ | १०० | |
| १० | घलेपानी प्रतिक्षालय निर्माण | वडा नं. ६ | १०० | |
| ११ | वडा कार्यालय देखि सुन्धार गोरेटोबाटो मर्मत | वडा नं. ६ | १०० | |
| १२ | राम्दीखर्क गोरेटोबाटो निर्माण | वडा नं. ६ | १०० | |
| १३ | दलित बस्ती गोरेटोबाटो निर्माण, तमाखुबारी | वडा नं. ६ | १०० | |
| १४ | केवरे मूल संरक्षण | वडा नं. ६ | १०० | |
| १५ | मर्मत सम्भार | वडा नं. ६ | ९५ | |

| | | | | |
|---|---|---|---|---|
| १६ | प्रधानमन्त्री रोजगार कार्यक्रम सामाग्री | वडा नं. ६ | १०० | |
| १७ | विपद् व्यवस्थापन | वडा नं. ६ | १०० | |
| | **जम्मा** | | **१५९५** | |

अन्त्यमा, हामी सबैको प्रयासबाट यी योजनाहरु सफल रुपमा कार्यान्वयन भई यस गाउँपालिकाको विकासमा आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेट कोसेढुङ्गा साबित हुनेछ भन्ने आशा भरोसा तथा विश्वास लिदैं बिदा हुन चाहान्छु ।

**धन्यवाद !**

**सपना गुरुङ्ग**

**उपाध्यक्ष, अर्जुनचौपारी गाउँपालिका**